आकाशवाणी समाचार- नेपाली

मितिः १६ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणमा पश्चिम बंगाल आउँदै हुनुहुन्छ।

2. केन्द्रीय संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले हिजो कोलकातामा ललित कला अकादमीको नवनिर्मित भवनको उद्घाटन गर्नुभयो।

3. मुख्यमन्त्री ममता ब्यानर्जीको आजदेखि शुरू भइरहेको तीन दिवसीय उत्तर बंगाल भ्रमणलाई लिएर सिलगढ़ीमा प्रशासन पूर्ण रूपले तयार छ।

4. चुनाव आयोगले गोवा, लक्षद्वीप, राजस्थान, पुडुचेरी र पश्चिम बंगालमा एसआईआरको लागि समयसीमा 19 जनवरीसम्म बढाएको छ।

5. रोयल एफसी घैयाबारीमा चलिरहेको नगदराशि फुटबल टुर्नामेन्टको क्वार्टर फाइनलमा प्रवेश गरेको छ।

**प्रधानमन्त्री दुई दिने भ्रमण - पश्चिम बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणमा पश्चिम बंगाल आउँदै हुनुहुन्छ। यो जानकारी भाजपाका बर्दवान जिल्ला अध्यक्ष देवतानु भट्टाचार्यले हिजो आसनसोलको शितला क्षेत्रमा रहेको भाजपा पार्टी कार्यालयमा पत्रकार सम्मेलनमा जानकारी दिनु भएको छ। जिल्ला अध्यक्ष देवतानु भट्टाचार्यले 17 जनवरीमा मालदामा र्‍याली गर्ने बताउनु भयो। त्यसपछि उहाँले 18 जनवरीमा सिंगुरमा र्‍याली गर्ने बताउनु भएको छ। उहाँले दुवै दिन वन्दे भारत ट्रेनको उद्घाटन गर्नु हुने बताउनु भएको छ।
जिल्ला अध्यक्ष देवतानु भट्टाचार्यले तृणमूल कांग्रेसले प्रधानमन्त्री नरेन्द्र मोदीको विकास कार्यमा बारम्बार अवरोध पुर्‍याउने प्रयास गरेको बताउनु भयो तर प्रधानमन्त्रीको विकास कार्यलाई रोक्न सक्ने छैन।

यसैबीच, भाजपा विधायक अग्निमित्र पालले मालदा र सिंगुरबाट प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गर्ननु हुने रेलहरूको बारेमा बोल्नु हुँदै भन्नु भयो, यी वन्दे भारत स्लीपर ट्रेनहरू हुनेछन्, जसमा हवाईजहाज जस्तै सुविधाहरू हुनेछन्। उहाँले भन्नु भयो, पहिले कसैले पनि कल्पना गर्न सक्दैनथ्यो कि मध्यमवर्गीय व्यक्तिले वन्दे भारत जस्तो रेलमा यात्रा गर्न सक्छ। तर प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई सम्भव बनाउनु भयो र यी रेलहरूमा प्रयोग हुने प्रविधि पूर्णतया स्वदेशी छ।

**प्रधानमन्त्री - नयाँ रेलहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि धेरै नयाँ रेलहरूको उद्घाटन गर्नुहुनेछ, जसमा पश्चिम बंगालको हावड़ा र आसामको कामाख्या जोड्ने देशको पहिलो स्लीपर वन्दे भारत एक्सप्रेस समावेश छ। अन्य रेलहरूमा नयाँ जलपाईगुडी-नागरकोइल अमृत भारत एक्सप्रेस, नयाँ जलपाईगुडी-तिरुचिरापल्ली अमृत भारत एक्सप्रेस, अलिपुरद्वार-एसएमवीटी बेंगलुरु अमृत भारत एक्सप्रेस, अलिपुरद्वार-मुम्बई-पनवेल अमृत भारत एक्सप्रेस, राधिकापुर-एसएमवीटी बेंगलुरु मेल एक्सप्रेस, र बालुरघाट-एसएमवीटी बेंगलुरु मेल एक्सप्रेस समावेश छन्। यी रेलहरूले पश्चिम बंगाल र अन्य राज्यहरुमाझको यात्री सम्पर्क सुधार गर्नेछन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार हावड़ा-आनन्द विहार टर्मिनल अमृत भारत एक्सप्रेस, सियालदह-वाराणसी अमृत भारत एक्सप्रेस, र सन्त्रागाची-ताम्बरम अमृत भारत एक्सप्रेसको उद्घाटन गर्नुहुनेछ। यी रेलहरूको सुरुवातले यात्रीहरूलाई कम समयमा

आफ्नो गन्तव्यमा पुग्न सक्षम बनाउनेछ। यस पहलले आसामको कामरूप महानगर र बोंगाईगाउँ र पश्चिम बंगालको कुचबिहार, जलपाईगुडी, मालदा, मुर्शिदाबाद, पूर्वा वर्धमान, हुगली र हावडा जस्ता जिल्लाहरूमा वाणिज्य, पर्यटन र सामाजिक-आर्थिक विकासलाई पनि बढावा दिनेछ।

**केन्द्रीय संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावत**

केन्द्रीय संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले हिजो कोलकातामा ललित कला अकादमीको नवनिर्मित भवनको उद्घाटन गर्नुभयो। यो नयाँ भवन भारतका विभिन्न क्षेत्रहरूमा फैलिएका कला परम्पराहरूलाई एउटै छानामुनि ल्याउने उद्देश्यले निर्माण गरिएको हो। ललित कला अकादमीले हिजो आफ्नो तेस्रो द्विवार्षिक चित्रकला प्रदर्शनीको आयोजना गऱ्यो। केन्द्रीय मन्त्री शेखावत कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो। उद्घाटन समारोहको सुरुवात शास्त्रीय नृत्य प्रस्तुतिबाट भयो र त्यसपछि दुर्गा वन्दना भयो। त्यसपछि विश्व-भारती विश्वविद्यालयका विद्यार्थीहरूले गायन प्रस्तुति दिए। यस अवसरमा ललित कला अकादमीद्वारा एक विशेष भिडियो प्रदर्शन गरिएको थियो र विशेष क्याटलग जारी गरिएको थियो।

केन्द्रीय मन्त्री शेखावतले बंकिमचन्द्र चट्टोपाध्यायलाई श्रद्धाञ्जली अर्पण गर्नु हुँदै कार्यक्रममा आफ्नो सम्बोधन सुरु गर्नुभयो। उहाँले भन्नु भयो, बंकिमचन्द्रको नारा "वन्दे मातरम्" ले सबै भारतीयहरूलाई एकताबद्ध गरेको छ र धेरै वीर योद्धाहरूले यो मन्त्रलाई आफ्नो हृदयमा राखेर आफ्नो मातृभूमिको स्वतन्त्रताको लागि आफ्नो जीवन बलिदान दिएका छन्। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको "विकसित भारत" को सपना केवल आर्थिक, राजनीतिक वा सैन्य प्रगतिबाट मात्र प्राप्त हुने छैन; बरु, देशको सांस्कृतिक उत्थान महत्त्वपूर्ण छ।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

मुख्यमन्त्री ममता ब्यानर्जीको आजदेखि शुरू भइरहेको तीन दिवसीय उत्तर बंगाल भ्रमणलाई लिएर सिलगढ़ीमा प्रशासन तथा पार्टी संगठन पूर्ण रूपले तयार छ। शहरभरि नै स्वागतको तयारी भइरहेको छ भने सिलगढ़ी मेट्रोपोलिटन पुलिसले कड़ा सुरक्षा व्यवस्था गरेको छ।
मुख्यमन्त्रीको सुरक्षाको लागि पहिलो पटक भ्रमणावधिभरि नै ड्रोनबाट निगरानी राखिनेछ। माटीगाड़ा तथा उत्तरकन्यामा सुरक्षाको विशेष बन्दोबस्त गरिएको छ साथै उत्तर कन्या वरपरका सबै बाटोहरू बन्द रहनेछन्। माटीगाड़ाको महाकाल मन्दिर शिलान्यास स्थललाई सुरक्षा घेरोमा लिइएको छ। ट्राफिक विभागलाई जाममुक्त आवागमनको जिम्मेवारी सुम्पिइएको छ भने मालवाहक वाहनहरूमाथि रोक लगाइएको छ।
प्रशासनिक सूत्र अनुसार आज मुख्यमन्त्री सिलगढ़ी आइपुग्नु हुनेछ अनि महाकाल मन्दिरको शिलान्यास गर्नु भएपछि उत्तरकन्यामा रात्रि विश्राम गर्नु हुनेछ र शनिवार जलपाईगुड़ीमा हाईकोर्ट सर्किट बेञ्चको नयाँ भवनको उद्घाटन समारोहमा सामेल हुनु हुनेछ।

**सब-ट्राफिक गार्डको नयाँ कार्यालयको उद्घाटन**

सिलगढ़ीको माटीगाड़ा पालपाड़ा मोड़स्थित बालासन सब-ट्राफिक गार्डको नयाँ कार्यालयको उद्घाटन पुलिस कमिश्नर सी. सुधाकरले गर्नु भयो। नयाँ कार्यालयबाट अब माटीगाड़ा थाना अन्तर्गत राष्ट्रिय राजमार्ग र वरपरका क्षेत्रहरूको यातायात व्यवस्थालाई नियन्त्रण गरिनेछ। उद्घाटनको अवसरमा सामाजिक दायित्व निर्भाह गर्दै बाल-बालिकाहरूलाई स्कूल ब्याग, आवश्यकतामा रहेकाहरूलाई कम्बल वितरण गरिनको साथै रक्तदान शिविरको पनि आयोजना गरियो। यस अवसरमा डीसीपी हेडक्वार्टर तन्मय सरकार, डीसीपी राकेश सिंह, डीसीपी ट्राफिक काजी शम्सुद्दीन अहमद सहित वरिष्ठ अधिकारीगण उपस्थित थिए।

**एसआईआर- समय सीमा**

चुनाव आयोगले गोवा, लक्षद्वीप, राजस्थान, पुडुचेरी र पश्चिम बंगालमा मतदाताहरूको जारी विशेष गहन संशोधन एसआईआरको लागि समयसीमा 19 जनवरीसम्म बढाएको छ। मतदाताहरूले अब यस महिनाको १९ तारिखसम्म दावी र आपत्तिहरू दर्ता गर्न सक्छन्। एक पत्रमा, निर्वाचन आयोगले यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरू सीईओको अनुरोधहरू र अन्य सम्बन्धित कारकहरूलाई विचार गरेपछि संशोधित समयसीमा निर्धारण गरिएको बताएको छ। निर्वाचन

आयोगले दाबी र आपत्तिहरू दर्ता गर्ने अवधिमा विस्तारको बारेमा व्यापक प्रचार सुनिश्चित गर्न पनि सीईओहरुलाई निर्देशन दिएको छ।

**राज्यसभा सांसद समीरुल इस्लामलाई सुनुवाइको सूचना जारी**

निर्वाचन आयोगले पश्चिम बंगालको मस्यौदा मतदाता सूचीमा दावी र आपत्तिहरूको बारेमा तृणमूल कांग्रेसका राज्यसभा सांसद समीरुल इस्लामलाई सुनुवाइको सूचना जारी गरेको छ। यो सूचना हिजो जारी गरिएको थियो। स्रोतहरूका अनुसार, समीरुल इस्लामलाई "तार्किक विसंगति" को बारेमा यो सूचना जारी गरिएको छ। २००२ को मतदाता सूचीसँग तुलना गर्दा हालको मतदाता सूचीमा उनको नाम र उनको बुबाको नाममा असंगतिहरू फेला परेका थिए। यो उल्लेखनीय छ कि पश्चिम बंगालमा मतदाता सूचीको अन्तिम संशोधन २००२ मा भएको थियो।

श्री समिरुल इस्लामलाई 19 जनवरीमा सुनुवाइको लागि उपस्थित हुन भनिएको छ। उहाँ पश्चिम बंगालको वीरभूम जिल्लाको हान्सन विधानसभा क्षेत्रका मतदाता हुन्। समीरुल इस्लाम यस्तो सूचना जारी गर्ने दोस्रो तृणमूल कांग्रेस सांसद हुन्। यसअघि, पश्चिम मिदनापुर जिल्लाको घाटाल लोकसभा सीटबाट तीन पटक तृणमूल कांग्रेसका सांसद र अभिनेताबाट राजनीतिज्ञ बनेका दीपक अधिकारी, उर्फ देवलाई पनि यस्तै सूचना पठाइएको थियो।

**एनटीए जेईई मेन – बंगाल**

राष्ट्रिय परीक्षण एजेन्सी -एनटीएले घोषणा गरेको छ कि पश्चिम बंगालमा २३ जनवरीमा जेईई-2026 (मेन) परीक्षाको पहिलो सिफ्टमा सहभागी हुने उम्मेदवारहरूलाई विज्ञापन गरिएको मितिभन्दा फरक मिति तोकिनेछ। परीक्षा मितिमा यो परिवर्तन यस महिनाको २३ तारिखमा सरस्वती पूजा उत्सवलाई ध्यानमा राख्दै गरिएको हो। सामाजिक सञ्जाल पोस्टमा, एजेन्सीले पश्चिम बंगालका उम्मेदवारहरूबाट प्रतिनिधित्व प्राप्त भएको बताएको छ। उम्मेदवारहरूले थप जानकारीको लागि jeemain@nta.ac.in मा इमेल गर्न सक्छन् वा ०११-४०७५९००० मा कल गर्न सक्छन्।

**सेना दिवस - खरसाङ**

खरसाङमा भारतीय भूतपूर्व सैनिक लिग खरसाङ शाखाको आयोजनामा हिजो भारतीय सेना दिवस पालन गरिएको छ। संगठनको खरसाङस्थित कार्यालयमा सम्पन्न एक कार्यक्रमबीच सेना दिवस पालन गरियो।। खरसाङ शाखाका उप सभापति क्याप्टन बिमल प्रधानको अध्यक्षता र सचिव पुरण थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको शुरुवात राष्ट्रिय झण्डा उत्तोलनपछि राष्ट्रिय गान गाएर गरिएको थियो। यसपछि, उपस्थित भूतपूर्व सैनिकहरुले देशका लागि शहीद भएका बीर जवानहरुलाई श्रद्धञ्जली अर्पण गरे। कार्यक्रमपछि पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै खरसाङ शाखाका सचिव पुरण थापाले सबैलाई सेना दिवसको शुभकामना दिँदै प्रत्येक वर्ष 15 जनवरीको दिन सेना दिवस पालन गर्ने गरिएको बताउनु भयो। उहाँले 15 जनवरी, 1949 मा सर्वप्रथम भारतीय सेनाको नेतृत्व सेना प्रमुखलाई दिएको ऐतिहासिक घटनाको सम्झना गर्दै सेना दिवस पालन गरिन्छ भनी बताउनु भयो। उहाँले सेना दिवस भारतीय सेनाको सौर्य, बलिदान र देशप्रतिको निष्ठाको प्रतीक रहेको र देश रक्षामा भारतीय सेनाको महत्वपूर्ण भूमिका रहेको पनि उल्लेख गर्नु भयो।

**नगदराशि फुटबल टुर्नामेण्ट घैयाबारी**

रोयल एफसी घैयाबारीमा चलिरहेको नगदराशि फुटबल टुर्नामेन्टको क्वार्टर फाइनलमा प्रवेश गरेको छ। घैयाबारी स्पोर्ट्स वेलफेयर एसोसिएशनद्वारा गत 3 जनवरीदेखि घैयाबारीस्थित नेताजी हाई स्कूलको खेलमैदानमा आयोजना भइरहेको यस टुर्नामेन्ट अन्तर्गत हिजो रोयल एफसी र माउन्टेन टुपर्समाझ पहिलो राउन्डको अन्तिम म्याच सम्पन्न भयो। यस म्याचमा रोयल एफसीको तर्फबाट अभिषेक लामाले गोल गरेर आफ्नो टिमको जित सुनिश्चित गरे। यस जितका साथै रोयल एफसीले क्वार्टर फाइनलमा प्रवेश गरेको छ। यस म्याचमा रोयल एफसीका अभिषेक लामालाई म्यान अफ् द म्याच प्रदान गरियो। आजदेखि क्वार्टर फाइनल खेल शुरू हुनेछ। टुर्नामेन्ट आयोजक संघका सदस्य वाङ्दी लामाले यस टुर्नामेन्टमा जम्मा 16 वटा टिमले सहभागिता जनाइरहेको र टुर्नामेन्टको

फाइनल खेल आगामी 1 फरवरीको दिन हुने बताए। यस टुर्नामेन्टको विजेतालाई ट्रफीसहित डेढ लाख रुपियाँ र उप विजेतालाई ट्रफीसहित एक लाख रुपियाँ प्रदान गरिने छ।

****** ० ******